शुभारम्भ...शिवम्सँग

शिवम्
सिमेन्ट

शिवम् सिमेन्ट्स लिमिटेडको

चौथो वार्षिक प्रतिवेदन

आ.व. २०७५।०७६

सञ्चालक समिति

सुरेन्द्रकुमार गोयल
अध्यक्ष

रघुनन्दन मारू
सञ्चालक-संस्थापक समूह

सन्दिपकुमार शारदा
सञ्चालक-संस्थापक समूह

अमित मोर
सञ्चालक-संस्थापक समूह

रोहित गुप्ता
सञ्चालक-संस्थापक समूह

अलका गोयल
सञ्चालक-सर्वसाधारण समूह

लेखनाथ अर्याल
कम्पनी सचिव

व्यवस्थापन समूह

नवल किशोर चौधरी
प्रमुख (उत्पादन)

रामजी प्रसाद चौरसिया
प्रमुख (माइन्स)

के.पि. रिजाल
प्रमुख (सेल्स एण्ड मार्केटिङ)

ज्योति थापा
प्रमुख (वित्त तथा लेखा)

लेखनाथ अर्याल
प्रमुख (कानुन तथा प्रशासन)

निखिल अग्रवाल
प्रमुख (प्रोजेक्ट सेल्स एण्ड इभेन्ट्स)

सरोज शर्मा
प्रमुख (मानव संशाधन, प्लान्ट)

अर्जुन समशेर राणा
प्रमुख (क्वालिटी तथा ल्याव)

निरज अग्रवाल
प्रमुख (खरिद तथा लजिष्टिक)

विषयसूची

क्र.सं.	विवरण	पेज नं.
१	चौथो बार्षिक (आव.२०७५/७६) साधारण सभा सम्बन्धि सूचना	१
२	वार्षिक साधारण सभा सम्बन्धि अन्य जानकारी	२
३	प्रोक्सी फारम (प्रतिनिधि पत्र)	४
४	प्रवेश पत्र	५
५	सञ्चालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षज्यूको प्रतिवेदन	६
६	अनुसूची १	१४
७	धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ बमोजिमको प्रतिवेदन	१६
८	कम्पनी ऐन, २०६३ को दफा १०९ (४) अनुसार अतिरिक्त विवरण	२०
९	आ.व.२०७५/०७६ को लेखापरीक्षकको प्रतिवेदन	२५
१०	संस्थागत तस्विरहरू	४७

शिवम् सिमेन्ट्स लिमिटेडको

चौथो वार्षिक (आ. व. २०७५।०७६) साधारण सभा सम्बन्धि सूचना

आदरणीय शेयरधनी सदस्य महानुभावहरू,

यस शिवम् सिमेन्ट्स लिमिटेड कम्पनीको संचालक समितिको मितिः २०७६।०६।१३ गते, सोमबार (तदनुसार ३० सेप्टेम्बर २०१९) ६४ औं बैठकको निर्णय बमोजिम यस कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा तल लेखिएका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितीका लागि कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, स्थान र समय :

मिति : २०७६ साल कार्तिक ८ गते शुक्रवार (25th October 2019)

स्थान : राष्ट्रिय सभागृह, काठमाडौ

समय : विहान ११:०० बजे

छलफल तथा निर्णयका लागि निर्धारित विषयहरू:

प्रस्तावहरू:

१) कम्पनी संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ. व. २०७५।०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मशान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७५।०७६ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले. प. सम्बन्धि अनुसूचीहरू माथि छलफल गरी पारित गर्ने ।

३) कम्पनीको आ. व. २०७६।०७७ को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बहालवाला लेखापरिक्षक सुभाष एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स् पूनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)

४) कम्पनीको संचालक समितिले निर्णय गरी प्रस्ताव गरे बमोजिम हाल कायम शेयरधनीहरूलाई आ. व. २०७५।०७६ को मुनाफा मध्येबाट प्रति शेयर १५.७८९५ प्रतिशतका दरले (लाभाँस रकममा लाग्ने कर सहित) रू.६९,४७,३८,०००।०० (अक्षेरूपी उनान्सत्तरी करोड सत्चालिस लाख अड्तिस हजार मात्र) नगद लाभाँस वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने ।

५) कम्पनी ऐन २०६३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा संचालक सम्बद्ध रहेको संस्थासंग कम्पनीले गरेको कारोवार अनुमोदन गर्ने ।

६) कम्पनीले आफ्नो उद्येश्य एवं परियोजना बमोजिमका कार्यहरूका लागि कम्पनीको चुक्ता पूँजी भन्दा बढि रकम कुनै बैंक तथा वित्तिय संस्थाहरूबाट थप कर्जा सुविधा लिनु परेको खण्डमा पनि कर्जा सम्झौता गरी आवश्यक रकम कर्जा सुविधा लिने सम्बन्धमा आवश्यकतानुसार निर्णय गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

७) आगामी ४ बर्षे कार्यकालका लागि संस्थापक शेयरधनी समूहबाट ५ पाँच जना संचालकहरूको निर्वाचन (मनोनयन) गर्ने ।

८) विविध ।

सञ्चालक समितिको आज्ञाले,
(लेखनाथ अर्याल)
कम्पनी सचिव

चौथो साधारण सभा सम्बन्धि अन्य जानकारी

१) सम्पूर्ण शेयरधनी महानुभावहरूलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा साधारण सभाको सूचना र वार्षिक प्रतिवेदन पुस्तिका पठाइने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा संस्थाको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौं र शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्सालबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै सो सम्बन्धि सूचना र वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाइट www.shivamcement.com मा समेत उपलब्ध गराइएकोछ ।

२) साधारण सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र र हितग्राही (डिम्याट) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपी (जस्तै नागरिकता प्रमाण पत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रूपमा साथमा लिई आउन अनुरोध छ । अन्यथा सभा कक्ष्य भित्र प्रवेश पाईनेछैन । सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका विहान ९:०० बजेदखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहनेछ ।

३) साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले कम्पनीको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी फारम) भरी कम्पनीको कर्पोरेट कार्यालय, काठमाडौंमा सभा शुरू हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् २०७६।०७।०६ गते बिहान ११:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति शेयरधनी हुनु अनिवार्य छ ।

४) नावालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट यस कम्पनीको शेयर लगत दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।

५) संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनु हुनेछ ।

६) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधि फेरवदल गर्न चाहेमा सभा शुरू हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै सोको सूचना कम्पनीको कर्पोरेट कार्यालय, अनामनगर काठमाडौंमा दर्ता गरी सक्नुपर्नेछ । अन्यथा प्रतिनिधि फेरवदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको औतयारनामा स्वतहः बदर हुनेछ ।

७) कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा / गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुने छ । त्यसपछि आउने प्रोक्सी स्वतः वदर वा अमान्य हुनेछ ।

८) छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण छलफल गर्नु पर्ने भए ईच्छुक शेयधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु हुन अनुरोध छ । उक्त विषय छलफलमा समावेश गरिए पनि निर्णयको रूपमा रहने छैन ।

९) बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७६।०६।२९ गते एक दिन शेयर दाखिल खारेज कार्य दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७६।०६।२९ गते भन्दा अघिल्लो दिन सम्म कारोबार भई प्रचलित कानुन बमोजिम नामसारीको लागि यस संस्थाको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन, मतदान गर्न, लाभाँस पाउन सक्नु हुनेछ ।

१०) शेयरधनीहरूले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रूपले उत्तर दिइनेछ ।

११) कम्पनीका संस्थापक शेयरधनी (समूह 'क') को तर्फबाट ५ जना सञ्चालकहरूको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम सभा हुने मिति भन्दा कम्तिमा ७ दिन अगावै यस कम्पनीको कर्पोरेट कार्यालयको सूचना पाटीमा छुट्टै प्रकाशित गरिनेछ । निर्वाचन अधिकृतको कार्यालय कम्पनीको कर्पोरेट कार्यालय भवनमा रहनेछ । निर्वाचन सम्बन्धि थप जानकारीका लागि कम्पनीको कर्पोरट कार्यालय, अनामनगर काठमाडौंबाट प्राप्त गर्न सकिनेछ ।

१२) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थलमा आँउदा झोला, व्याग जस्ता बस्तुहरू नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

१३) अन्य जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नम्बर ०१-५७०६८०४ र ५७०५९९३) एक्सटेशन नं १०७ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

शिवम् सिमेन्ट्स लिमिटेडको

प्रोक्सी फाराम (प्रतिनिधि पत्र)

श्री सञ्चालक समिति
शिवम् सिमेन्ट्स लिमिटेड
कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोस्रो तल्ला,
अनामनगर, काठमाडौं ।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

.....जिल्ला .....न.पा./गा.पा. वडा नं ..... बस्ने म/हामी ..... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७६ साल कार्तिक ८ गते शुक्रबारका दिन हुने कम्पनीको तेस्रो वार्षिक साधारण सभामा स्वयमं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि..... जिल्ला .....न.पा./गा.पा. वडा नं ..... बस्ने त्यस कम्पनीको शेयरवाला श्री .....लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधी नियुक्त भएको व्यक्तिको

हस्ताक्षरको नमुना :

शेयरधनी नं. :

हितग्राही खाता नं. :

मिति :

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

शेयरधनी नं. :

हितग्राही खाता नं. :

शेयर संख्या :

द्रष्टब्य : यो निवेदन साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कर्पोरेट कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढि प्रतिनिधी (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधी फारम स्वतःरद्ध हुनेछ ।

शिवम् सिमेन्ट्स लिमिटेडको

चौथो वार्षिक साधारण सभामा उपस्थितिको लागि

प्रवेश पत्र

१. शेयरधनीको नाम :

२. ठेगाना :

३. शेयरधनी नं./हितग्राहि खाता नं. :

४. लिएको शेयर संख्या :

५. शेयर धनीको दस्तखत :

द्रष्टव्य :

१) सभा कक्ष्यमा प्रवेश गर्न यो प्रवेश पत्र प्रस्तुत गर्नु अनिवार्य छ ।

.....

कम्पनी सचिव

शिवम् सिमेन्ट्स लिमिटेड

चौथो वार्षिक साधारण सभा

सञ्चालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षज्यूको प्रतिवेदन

आर्थिक वर्ष २०७५।०७६

आदरणीय शेयरधनी महानुभावहरू,

यस शिवम् सिमेन्ट्स लिमिटेडको चौथो वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, विभिन्न नियमनकारी निकाय तथा नेपाल सरकारका सम्बन्धित विभाग तथा कार्यालयहरूबाट पाल्नु भएका अथितिज्यू एवं प्रतिनिधिज्यूहरू, आमन्त्रित अतिथीज्यूहरू, पत्रकार मित्रहरू तथा उपस्थित महिला तथा सज्जन वृन्द्ध प्रति म शिवम् सिमेन्ट्स लिमिटेडको अध्यक्ष तथा सञ्चालक समितिको तर्फबाट समेत सबैमा हार्दिक स्वागत अभिवादन गर्दछु ।

कम्पनीको छोटो परिचय :

शिवम् सिमेन्ट नेपालको प्रदेश नं. ३ अन्तरगत नेपाल को केन्द्र भाग मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका वडा नं. १६, हटियामा अत्याधुनिक जर्मन प्रविधियुक्त प्लाण्ट एण्ड मेशिनरी जडित क्लिंकर तथा सिमेन्ट उत्पादन गर्ने राष्ट्रिय प्राथामिकता प्राप्त उद्योग हो । यस उद्योग विगत १० वर्ष देखि पूर्ण संचालनमा रहेको छ । यस उद्योगले नेपाल सरकार उद्योग विभागबाट प्रति दिन ३००० (तिन हजार) मे.टन. क्लिंकर र ३००० (तिन हजार) मे. टन. सिमेन्ट उत्पादन गर्ने अनुमति प्राप्त गरेको छ । उद्योगको जडित क्षमता सिमेन्ट प्रति दिन ३००० (तिन हजार) मे. टन. शिवम् र शिवम् प्लस ब्राण्डका ओ.पि.सि. सिमेन्ट उत्पादन गरी देशका विभिन्न स्थानहरूका निर्माण तथा विकाससंग सम्बन्धित विभिन्न प्रोजेक्ट एवं परियोजनाहरूसंग प्रत्यक्ष रूपमा तथा वितरण सञ्जाल डिष्टिव्यूटर्स मार्फत व्यवसायिक तथा आवासिय घर भवन, पूल, सडक, हाईड्रोपावर, नहर, एयरपोर्ट, कूलो, पैनिहरू, अस्पताल र विद्युतका पोलहरू, ढल निकासमा प्रयोग हुने ठूला साना ह्यूम पाईपहरू, टायल्स लगायतका सामाग्रीहरूको निर्माण कार्यका निमित्त सप्लाई गर्ने गरिएको छ । देशमा अत्याधिक रोजिएको सिमेन्टको रूपमा शिवम् ब्राण्ड स्थापित भएको छ । अर्थात समग्र निर्माणजगतमा सर्वाधिक रूचाईएको गुणस्तरीय सिमेन्ट बन्न पुगेको छ । कम्पनीले मकवानपुर जिल्ला स्थित क्षेत्रमा चुनढुंगा उत्खनन् गर्न अनुमति प्राप्त गरी सोही क्षेत्रमा रहेका आफ्नै चुनढुंगा खानीबाट गुणस्तरीय चुनढुंगाको आपूर्ति गरी गराई प्रति दिन १९०० मे. टन. क्लिंकर उत्पादन गरी सिमेन्ट उत्पादन गर्ने तथा नपुग क्लिंकर खरिद गरि आपूर्ति गर्ने गरिएको व्यहोरा सबैमा जानकारी गराँउदछु । यस उद्योगले उत्पादन गरेको क्लिंकर तथा सिमेन्टको गुणस्तर उच्चस्तरको रहेको छ । हाम्रो नारा नै गुणस्तरमा कहिल्यै सम्झौता नगरौं भन्ने भावनालाई आत्मसाथ गर्दै अगाडी बढिरहेको यर्थाथ व्यहोरा जानकारी गराउन चाहान्छौं ।

विगत बर्षहरूको कारोवारको सिंहावलोकन :

कम्पनीले आ. व. २०७३।०७४ मा गत वर्षको तुलनामा २७।५५ प्रतिशतले बृद्धि गरी ७३६।३६ करोड विक्रि गरेको थियो भने आ.व. २०७४।०७५ मा ३९।४० प्रतिशतले बृद्धि गरी १०२६।५० करोड गरेको थियो साथै आ.ब. ०७५/०७६ मा १०।५२ प्रतिशत बृद्धि गरी ११३४।५१ करोडको शिमेन्ट्को विक्रि गरेको छ । यसरी उक्त तिन आर्थिक वर्षको अवधिमा कम्पनीको समग्र परिसूचकमा अभिवृद्धि गरेको देखिन्छ । खुद मुनाफामा समेत तुलानात्मक रूपमा हरेक वर्ष उल्लेख्य मात्रामा बृद्धि भएको तलको विवरणबाट थप स्पष्ट हुने नै छ ।

अघिल्लो आ. व. २०७४।०७५ तथा आ. व. २०७५।०७६ को वित्तीय स्थितीको तुलनात्मक संक्षिप्त प्रगति विवरण:

	२०७४।७५	२०७५।७६	कैफियत
विक्रि	१०,२६५,०६४,४५२	११,३४५,११३,९७९	१०.५२ प्रतिशत
खुद नाफा	१,१४३,२७५,०९०	१,५१४,६८७,४२४	३२.४९ प्रतिशत
चुक्ता पूँजी	३,८७२,०००,०००	४,४००,०००,०००	१३.६४ प्रतिशत
सहायक कम्पनीमा लगानी	३,३६५,७०३,०००	३,४०५,७०३,०००	१.१९ प्रतिशत
प्रतिशेयर आम्दानी	२९।५३	३४।४२	१६.५६ प्रतिशत
संचित मुनाफा (शेयर प्रिमियम समेत)	२,३८५,४२४,१०७	४,१७४,३०३,८०३	७४.९९ प्रतिशत
लाभांश	१५.७८९५	१५.७८९५	
नेट वर्थ	१६१।६१	१९४।९	२०.६० प्रतिशत









यस कम्पनीले अर्थिक वर्ष २०७४/०७५ मा क्लिङ्कर ४,८६,४२५ मेट्रिक टन तथा सिमेन्ट ६,९०,३०६ मेट्रिक टन उत्पादन गरी विक्री वितरण गरेकोमा आ.व. २०७५/०७६ मा क्लिङ्कर ५,७०,५३८ मेट्रिक टन उत्पादन भएको छ । त्यसै गरी ओपिसि सिमेन्ट ७,९१,६७७ मेट्रिक टन उत्पादन गरी विक्री वितरण गरेकोछ । वार्षिक उत्पादन क्षमताको करिव ९१ प्रतिशत क्लिङ्कर र करिव ८१ प्रतिशत सिमेन्ट उत्पादन भएको छ । जसको विक्री कारोवार रकम रू ११ अर्व ३४ करोड ५१ लाख १३ हजार ९८० रूपया भएको छ भने खुद मुनाफा रू १ अर्व ५१ करोड ४६ लाख ८७ हजार ४२४ रूपया हुन गएको छ ।

माथि देखाइएको तालिका बमोजिम गत आ. व. २०७४।०७५ को तुलनामा आ. व. २०७५।०७६ मा सबै सूचकहरूमा सकारात्मक एवं उल्लेख्य बढोत्तरी भएको यर्थाथ व्यहोराबाट कम्पनीको समग्र वित्तिय अवस्था मजवुद रहेको स्पष्ट हुन्छ । सहायक कम्पनी शिवम् होल्डिङग्स मार्फत होङशी शिवम् सिमेन्ट प्रा. लि. मा शेयर लगानी भएको छ, भने कम्पनीको तेस्रो वार्षिक साधारण सभाको निर्णय मुताविक कम्पनीले शेयरधनिहरूको समग्र हितलाई समेत ध्यानमा राखी लगानी विस्तार तथा प्रर्वद्धन गर्ने योजनाका साथ गत आ.व. २०७५।०७६ मा शिवम् सिमेन्ट्स लि. को १०० प्रतिशत शेयर रहेको एस. सि. एल. इन्भेष्टमेण्ट नामक कम्पनी स्थापना गरी कम्पनीले विभिन्न क्षेत्रमा लगनी समेत विस्तार गर्ने टुल्सको रूपमा उक्त सहायक कम्पनी मार्फत विस्तार गर्ने नीति अवलम्बवन गरिने व्यहोरा यहाँहरू समक्ष जानकारी गराउन चाहान्छु ।

सहायक कम्पनी र सो मार्फत भएको लगानी

यस कम्पनीको सहायक कम्पनीको रूपमा स्थपाना भएका कम्पनीहरूको विवरण तथा लगानी सम्बन्धि विवरण अनुसूची १ मा उल्लेख गरिएकोछ ।

शेयरधनी महानुभावहरू,

उत्पादन र सो को विक्री वितरणको स्थिति

कम्पनीले जर्मन टेक्नोलोजीबाट बनेको उपयुक्त उत्पादन प्रविधिहरूः जडित आधुनिक रोटरी ल्किन र रोलर प्रेष ग्राईन्डिङ्ग उपकरण प्रयोगमा ल्याएको छ । साथै वायु प्रदुर्षण नियन्त्रणका लागि ब्याग फिल्टर र ब्याग हाउस जस्तो आधुनिक प्रविधि प्रयोग गरेका छौं ।

कम्पनीले उत्पादन गर्ने सिमेन्टको ब्राण्डको नाम शिवम् ओ. पि. सि. सिमेन्ट रहेको छ । उक्त ब्राण्ड नामलाई ट्रेडमार्क सम्बन्धि ऐन बमोजिम उद्योग विभागबाट ट्रेडमार्क चिन्ह दर्ता प्रमाण पत्र प्राप्त गरेको छ । र उक्त ट्रेडमार्क चिन्ह लगायतका कम्पनीले प्राप्त गरेका अन्य प्रमाण पत्रहरू कम्पनीका औधोगिक सम्पत्ति तथा बौद्धिक सम्पत्तिको हकको रूपमा कम्पनीमा सुरक्षित रहेका छन । साथै कम्पनीले २ स्तरबाट बजार प्रवेश गर्ने नीति अवलम्वन गरि आएको छ । एक प्रोजेक्टहरूसंगको सिधै सम्पर्क गरी आपूर्ति गर्ने र दोस्रो वितरक मार्फत आफ्ना ग्राहक समक्ष शिवम् सिमेन्ट पुरयाउने गरी प्रोजेक्ट सेल्स र च्यानल सेल्स टिम मार्फत व्यवस्थापन गर्ने गरिएको कुरा अवगत गराँउदछु । साथै यस आ. व. देखि रिटेल मार्केटिंगलाई समेत उच्च प्राथामिकता दिई कार्य गर्ने गरी योजना तर्जुमा गरि लागु गरिएको अवस्थाको जानकारी गराँउन चाहान्छौं ।

कम्पनीले ओगटेको बजार क्षेत्र :

उद्योगबाट उत्पादित सिमेन्टको विक्री वितरणका लागि उपयुक्त वितरण प्रणाली अपनाएको छ । मकवानपुर काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, चितवन, नवलपरासी, धादिङ, रौतहट, सर्लाही,

विरगंज, सिन्धुली, जनकपुर, लाहान, सिराहा, लालवन्दी, सप्तरी, मोरँग, विराटनगर, सुनसरी, इटहरी, झापा, काकडभिट्टा, इलाम, पाँचथर, ताप्लेजुङ्ग, हिले, धनकुटा तथा उक्त क्षेत्र आसपासका क्षेत्रहरू तथा पोखरा, तनँहु, गोरखा, स्याङ्जा र पर्वत, लमजुङ्ग, बेनी, बाग्लुङ्ग, बुटवल भैरहवा समेतका क्षेत्र ओगटेको प्रमुख वजार क्षेत्रहरू हुन । उल्लेखित स्थानहरूका अतिरिक्त देशका अन्य क्षेत्रहरूमा समेत बजार विस्तारको योजना रहेको छ । कम्पनीले उत्पादन गरेको ओ. पि.सि. सिमेन्ट क्वालिटी, उत्पादन क्षमता, वजार हिस्सा, डेलिभरी सिष्टम, विक्रिपछि कम्पनीले प्रदान गर्ने निः शुल्क प्राविधिक सेवा र बजार प्रर्वद्धनसंग सम्बन्धित कार्यहरू समेतका कारण देशभर अग्रणी ब्राण्डको रूपमा स्थापित भएको छ ।

नयाा उत्पादन तथा सेवा सम्बन्धी भावी योजना:

कम्पनीले ओ. पि. सि. सिमेन्टमा फोकस गरी गत वर्ष ओ. पि. सि. मै अर्को नयाँ ब्राण्ड शिवम्प्लस सिमेन्ट समेत विशेष ग्राकहरूका लागि मात्र उपलव्ध गराँउदै आएको छ । आगामी दिनमा आउन सक्ने बजारको मागलाई ध्यानमा राखी कम्पनीले पि. पि. सि., स्लाग सिमेन्ट लगायतका अन्य विभिन्न ब्राण्ड र ग्रेडका सिमेन्ट उत्पादन गरी बजारको आवश्यकतालाई परिपर्ति गर्ने योजना रहेकोछ । उद्योगले उत्पादन विविधिकरण गर्न सक्ने गरी संरचना बनाइएको कुरा यहाँहरू समक्ष जानकारी गराउन चाहान्छु ।

मूख्य कच्चा पदार्थको श्रोत:

कम्पनीले छोटो समयमा आफ्नो उत्पादनलाई सबैले रोजेको र खोजेको सिमेन्ट शिवम् सिमेन्ट उत्पादन र विक्री वितरण गर्ने सन्दर्भमा हामीले प्रयोग गर्ने चुनढुंगा उत्खनन अनुमति पत्र संख्या ४ वटा रहेका छन । जसमा खोरटार, जरूवा, कलवान र चपकी खानी अनुमति क्षेत्रबाट नियमानुसार उत्खनन् र संकलन गरी उद्योगस्थलमा पुर्‍याई सफा पानीले सफा गरी क्रसिँग गरी फिडिँग दिने व्यवस्था मिलाइएको छ भने । बुढीचौर र ठिंगन नामक क्षेत्रका खानी अनुमति पत्रहरूको खानी तथा भूगर्भ विभागबाट उत्खनन् योजना स्वीकृति भई IEE र EIA प्रतिवेदनहरू अन्तिम स्वीकृतिको चरणमा रहेको व्यहोरा जानकारी गराउन चाहान्छु । खोरटार खानीको स्वीकृत चुनढुंगा उत्पादन क्षमता प्रति दिन १००० मे. टन. बाट बृद्धि गरि दैनिक २,५०० मे. टन. उत्पादन गर्ने गरी संशोधित माईनिँग स्कीम स्वकिृत भई वन तथा वातावरण मन्त्रालयबाट EIA को अन्तिम स्वीकृति समेत प्राप्त भएकोछ ।

साथै कम्पनीले केहि सम्भाव्य स्थानहरूमा चुनढुंगा खानीहरूको अन्वेषण गर्न विभागबाट खोजलास अनुमति पत्रहरू प्राप्त गरी खोज तथा अन्वेषणयुक्त कार्यहरू दक्ष एवं विज्ञ प्राविधिक टोलि मार्फत निरन्तर गरिरहेको कुरा जानकारी गराँउदछु । कम्पनीले हालसम्म ओ. पि. सि. सिमेन्ट मात्र उत्पादन गर्ने गरेको र सोको लागि मूख्य कच्चा पदार्थ भनेको चुनढुंगा रहेको व्यहोरा जानकारी गराँउदछौं । अन्य कच्चा पदार्थहरू जस्तै कोइला, जिप्सज आयात गरी परिपूर्ति गर्ने गरिएको छ ।

कम्पनीले उत्खनन् गर्ने स्वीकृत खानीका अनुमति क्षेत्रहरू मध्ये केहि भाग मकवानपुर जिल्लास्थित राष्ट्रिय वन क्षेत्रमा समेत पर्ने भएकोले चुनढुंगा उत्खनन् गर्ने प्रयोजनका लागि करिव ४० हेक्टर वन क्षेत्रको जग्गा प्रयोग गर्न नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम कम्पनीले भोगाधिकार प्राप्त गरेको छ । सकेसम्म आफ्नै चुनढुंगाको प्रयोगबाट मात्र क्लिंकर बनाउने र नपुग चुनढुंगाहरू अन्य स्थानीय अनुमति प्राप्त संस्थाबाट खरिद गरि व्यवस्थापन गरिआएका छौं । र आफ्नो चुनढुंगाहरू अधिकतम मात्रामा प्रयोग गरि खरिद गर्न नपर्ने परिस्थितीको सिर्जना गर्न प्राविधिक टिम निरन्तर खटिरहेको कुरा जानकारी गराँउदछु ।

कम्पनीले उच्च गुणस्तरीयता कायम राख्नका लागि गरिएको व्यवस्था :

अत्याधुनिक जर्मन प्रविधियुक्त प्लान्ट एण्ड मेशिनरी जडित उद्योगको निर्माण, चुनढुङ्गा संकलनको लागि प्रयाप्त क्षेत्रफल सहितको चुनढुङ्गा राख्न सक्ने क्षमतायुक्त भण्डारण कक्ष्य, वातावरणीय वायु प्रदुर्षण नियन्त्रणका लागि ब्याग फिल्टर र ब्याग हाउस निर्माण तथा उद्योगमा २४ सै घण्टा आफ्नै अत्याधुनिक ल्यावबाट हरेक १, १, घण्टामा उत्पादन परीक्षण गर्ने गरिएको छ । चुनढुँगाको गुणस्तर परिक्षणको लागि स्वचालित X-ray Machinery उद्योग मै जडित छ । साथै उत्पादित सिमेन्टको हरेक व्याच सरकारी तथा अन्य व्यवसायिक ल्यावहरूमा समेत नियमित गुणस्तर परीक्षण गर्ने गरिनुका साथै सिमेन्टको Compressive Strength परिक्षण गर्ने उच्च प्रविधियुक्त मेशिनरी जडित टेक्निकल भ्यानबाट सिमेन्टको ज्ञान भएका दक्ष एवं अनुभवी ईन्जिनियर, प्राविधिक मार्फत निःशुल्क निर्माणस्थलमा गई सिमेन्टको गुणस्तरको र प्रयोग गर्ने तरिका जानकारी गराउने व्यवस्था मिलाईएको छ । कम्पनीले उत्पादन गरेको सिमेन्ट उच्च गुणस्तरीय रहेको छ । सदा उच्च गुणस्तरीयता कायम गर्न प्रतिवद्ध रहि कार्य गरिरहेको व्यहोरा जानकारी गराउन चाहान्छु ।

कम्पनीले प्राप्त गरेका गुणस्तर सम्बन्धि प्रमाण पत्रहरू:

(क) नेपाल स्ट्याण्डर्ड ४९, र नेपाल गुणस्तर तथा नापतौल विभागबाट क्लिंकर र सिमेन्टको उत्पादनमा हालै मात्र ISO Certificates प्राप्त गरेका छौं । उक्त विभागबाट जारी हुने ISO Certificate नेपालमा शिवम् सिमेन्ट्स् लिमिटेडले मात्रै पहिलो पटक प्राप्त गर्ने एक मात्र सिमेन्ट उद्योग बन्न सफल भएकाछौं ।

(ख) नेपाल सरकारले यस बर्षको बजेट मार्फत सिमेन्टलाई निर्यातजन्य उत्पादनको रूपमा लिएकोछ । भारतीय बजारमा सिमेन्ट निर्यात गर्न पूर्व शर्तको रूपमा रहेको गुणस्तर सम्बन्धि प्रमाण पत्र भारतीय केन्द्रिय गुणस्तर विभागबाट Bureau of Indian Standard Certification Mark, प्राप्त गरिसकेका छौं । उक्त Certificate विना भारतमा सिमेन्ट निर्यात गर्न नसकिने व्यहोरा अवगत गराउन चाहान्छु ।

(ग) URS Nepal बाट आइएसओ प्रमाण पत्र १४००१:२००४, आइसओ प्रमाण पत्र ९००१:२००८ र ओएचएसएएस OHSS प्रमाण पत्र १८००१:२००७ को मान्यता प्राप्त गरेको छ ।

आदरणीय शेयरधनी मित्रहरू,

कम्पनीले प्रतिस्पर्धी सिमेन्टको बजारमा आफ्नो छुट्टै पहिचान स्थापित गरी अन्य सिमेन्टको तुलनामा प्रिमियम मूल्यमा विक्री वितरण गर्न गराउन दक्ष, अनुभवि र इमान्दार नेतृत्व सहितको उत्पादन र सेल्स एण्ड मार्केटिँग तथा व्यवस्थापकीय क्षेत्रमा सक्षम जनशक्तिको व्यवस्थापनद्धारा कार्य गर्ने गराउने परिपाटी स्थापित गरेका छौं । यहाँसम्मको यात्रामा कम्पनीको सबै शाखा र विभागमा कार्यरत जिम्मेवार कर्मचारीहरूको संधै उच्च मूल्याँकन गरी मनोवल बढाउन कन्जुस्याई गरेका छैनौ भन्ने हामीलाई लागेकोछ । कर्मचारीहरूको वृति विकासमा समेत कम्पनीले उपुयक्त ध्यान दिने छ भन्ने विश्वास दिलाउन चाहान्छु ।

कम्पनीको पूाजी वृद्धि :

कम्पनीको अधिकृत पूंजी रू. ७ अर्व तथा जारी पूंजी रू. ४ अर्व ४० करोड र चुक्ता पूँजी रू. ४ अर्व ४० करोड गत बर्ष सर्वसाधरणमा १२ प्रतिशत शेयरहरू सर्व साधारणमा निष्काशन गरेपछि पुरा भएको हो ।

यस उद्योगको स्वामित्व उद्योग प्रभावित क्षेत्रका स्थानीय वासिन्दा सहितका नेपाल भर रहनुभएका सर्व साधारण

लगानीकर्ताहरूलाई लगानीको अवसर प्रदान गरी शेयर लगानीको अनुपातमा शिवम् सिमेन्ट मेरो पनि हो भन्ने भावना विकास गर्नाका लागि नेपाल धितोपत्र वोर्डको अनुमती लिई प्राथमिक शेयर जारी गरिएको थियो । कम्पनीको २०७६ आषाढ मशान्तमा कायम भएको संचित कोषमा रू ४ अर्व १७ करोड ४३ लाख ०३ हजार ८०३ रूपया हुन पुगेको व्यहोरा जानकारी गराउन चाहान्छु ।

सूचना प्रविधि :

कम्पनीको कारोबारको लेखाङ्कन तथा अभिलेखलाई आधुनिकिकरण गर्न प्रारम्भ देखि नै सिनर्जी नामक सफ्टवेयर खरिद गरी केन्द्रीकृत सर्भरमा आधारित विधि प्रयोग गरिरहेको र सोही अनुरूप सो सफ्टवेयरको अपग्रेड र कर्मचारीहरूको क्षमतामा अभिवृद्धि गर्दै लागिने नीति रहेको छ ।

सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :

हाल कम्पनीको संचालक समितिमा संस्थापक तथा सर्वसाधारण समूहको तर्फबाट प्रवन्धपत्र नियमावलीमा भएको व्यवस्था बमोजिम निम्नानुसारको पदाधिकारी हुनुहुन्छ । र उहाँहरूको कार्यकाल सर्वसाधारण समूहबाट निर्वाचित १ जना सञ्चालकको कार्यकाल अझै ३ बर्ष बाँकी रहेको छ भने संस्थापक समूहबाट निर्वाचित ५ जना संचालकहरूको कार्यकाल यसै वर्ष समाप्त हुन जाने भएकोले यसै वार्षिक साधारण सभाबाट संस्थापक समूहको प्रतिनिधीत्व गर्ने गरी ५ जना संचालकहरूको आगामी ४ बर्षे कार्यकालका लागि निर्वाचन गर्ने कार्यक्रमा रहेको छ । यसै वार्षिक साधारण सभाको अवधिसम्म बहाल रहेका संचालकहरूको विवरण निम्न अनुसार रहेकोछ । कम्पनीले १ एक जना स्वतन्त्र व्यवसायिक सञ्चालकको मनोनयन गर्न बाँकी रहेको हुंदा हाल निम्न अनुसारको ६ सदस्यीय सञ्चालक समिति रहेको छ ।

नाम, थर	पद
श्री सुरेन्द्र कुमार गोयल	कार्यकारी अध्यक्ष संस्थापक समूह
श्री रघुनन्दन मारू	कार्यकारी संचालक संस्थापक समूह
श्री सन्दिप कुमार शारदा	संचालक, संस्थापक समूह
श्री अमित मोर	संचालक, संस्थापक समूह
श्री रोहित गुप्ता	संचालक, संस्थापक समूह
श्री अलका गोयल	संचालक, सर्व साधारण समूह

संस्थागत सुशासन

संस्थागत सुशासन कम्पनीको काम कारवाहीको मार्ग दर्शनको रूपमा रहेको मनन गर्दै सोहि अनुरूप संचालक समितिका काम कारवाहीहरू तथा कम्पनीका अन्य सबै क्रियाकलापहरू पारदर्शी रूपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनुभुति गराउन सदैव क्रियाशील छ । यस कम्पनीको संचालक समिति, व्यवस्थापन, शेयरधनीहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको हित संरक्षण तथा प्रवर्धन गर्न सदैव प्रतिवद्ध रहेको अवगत गराउँदछु ।

संस्थागत सामाजिक उत्तरदायित्व:

यस कम्पनीले विगत वर्षहरू देखि नै आफ्नो समाज प्रतिको सामाजिक उत्तरदायित्वलाई बोध गरी विभिन्न

प्रकारका संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने सिलशिलामा ठूलो रकम विनियोजन गरी कार्य गरि आएकोमा पछिल्लो पटक जारी भएको औद्योगिक व्यवसाय ऐन तथा औद्योगिक व्यवसाय नियमावली २०७५ बमोजिम कम्पनीको मूनाफाको १ प्रतिशत बराबरको रकम तोकिएको क्षेत्रमा खर्च गर्नु पर्ने अनिवार्य व्यवस्था बमोजिमको योजना मुताविक संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत स्वास्थ्य, शिक्षा, खेलकुद, पाठ्य सामाग्री, सडक, खानेपानी, सिंचाई, वातावरण संरक्षण तथा बृक्षारोपण, नदि नियन्त्रण लगायतका विभिन्न कार्यहरू संचालन गरि आएको र आँउदा दिनहरूमा समेत सोही बमोजिमका सामाजिक सहयोगका गतिविधिमा सम्लग्न भई सहयोग गरिने व्यहोरा जानकारी गराँउदछौं ।

आन्तरिक नियन्त्रण प्रणाली

कम्पनीको आफ्नो व्यवसाय विस्तारसँगै त्यसमा अन्तर्निहित जोखिमहरू न्यूनीकरण गर्नको लागि आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कम्पनीले आफ्नो कारोवार तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तथा संस्थागत सुशासन परिपालनाको प्रत्यभूतिका लागि संचालक तथा व्यवस्थापन तहमा विभिन्न समिति लगायतका अन्य आवश्यक उपसमिति गठन गरी संचालन गरिरहेको छ । साथै आन्तरिक लेखापरीक्षकबाट नियमित आ. ले.प. गराइनुका साथै लेखापरीक्षणका दौरानमा देखिएमा कमी कमजोरीहरूलाई पुनरावृत्ति हुन नदिन सञ्चालक समिति पूर्णतः सचेत छौं ।

संस्थाको कारोवारलाई असर पार्न सक्ने मुख्य कुराहरू :-

राष्ट्रको औद्योगिक, आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट सिर्जना हुन सक्ने संभावित जोखिमहरू ।

लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया:

बाह्य लेखापरीक्षकको आ.व. २०७५।०७६ को प्रतिवेदनमा NFRS Complied Financial Statemen प्रक्रियामा रहेको र सो बाहेक अन्य कुनै कैफियत नरहेको हुंदा सोही व्यहोरा जानकारी गराँउछु ।

लाभांस बाडफाड गर्न सिफारिस गरिएको रकम

आ.व. २०७५।०७६ मा कम्पनीको चुक्ता पूंजीको १५.७८९५ प्रतिशत नगद लाभाँस रकम बाँडफाँडको लागि रू.६९,४७,३८,०००। को प्रस्ताव गरिएको व्यहोरा जानकारी गराउन चाहान्छौं । सर्व साधारणमा शेयर निष्काशन गरे पश्चातको एक वर्ष पनि नपुग्दै दोस्रो पटक नगद लाभाँस वितरणको प्रस्ताव गर्न पाउदा खुशी लागेको छ ।

लेखापरीक्षण, वासलात र अन्य विवरण

२०७६ आषाढ मसान्तको वासलात, २०७५।०७६ को नाफा / नोक्सान हिसाब, नगद प्रवाह विवरण, सम्बन्धित अनुसूचीहरू र लेखापरीक्षकको प्रतिवेदन यसै प्रतिवेदनको अभिन्न अंगको रूपमा राखिएका छन् । साथै कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमका विवरणहरूलाई अतिरिक्त विवरणको रूपमा प्रस्तुत गरिएको छ ।

अपेक्षा तथा आभार

सर्वप्रथम श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, श्री सीडिएसी एण्ड क्लियरिङ्ग लिमिटेड, श्री उद्योग विभाग र श्री खानी तथा भूगर्भ विभाग, श्री वन तथा

भूसंरक्षण विभाग र श्री नेपाल गुणस्तर तथा नापतौल विभाग प्रति प्रमुख नियमन निकायको हैसियतमा यस कम्पनीलाई प्रगतितर्फ उन्मुख एवं गतिशील बनाउन पुर्‍याइरहेको योगदानको लागि संचालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

कम्पनीका वितरक एवं ग्राहक सदस्यहरू र यस उद्योगलाई सहवित्तियकरण कर्जा सुविधा उपलब्ध गराउनु हुने बैंकहरू नेतृत्वकर्ता बैंक श्री नविल बैंक लिमिटेड, सह नेतृत्वकर्ता बैंक श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि., श्री राष्ट्रिय वाणिज्य बैंक लि. श्री नेपाल बैंक लि., श्री सिद्धार्थ बैंक लि., श्री नेपाल एसविआई बैंक लि., श्री लक्ष्मी बैंक लि., श्री सानिमा बैंक लि., र श्री एनएमबी बैंक लि.लाई आभार प्रकट गर्न चाहन्छु । साथै भावी दिनमा यस किसिमको सहकार्यको निरन्तरताको अपेक्षा गर्दै सहुलियत दरमा कर्जा सुविधा उपलब्ध गराइदिने व्यवस्थाका लागि अनुरोध गर्दछु ।

कम्पनीको प्रगतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संलग्न शेयरधनी, सफ्टवेयर निर्माता कम्पनी, ईन्टरनेट प्रदायक कम्पनी, शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेड एवं शुभेच्छुक महानुभावहरूलाई उहाँहरूबाट प्राप्त सहयोग, सुझाव र मार्ग निर्देशनका लागि यो संस्था सदैव अनुगृहित रहेको तथ्य अवगत गराउँदै उल्लेखित संस्था तथा महानुभावहरू प्रति हार्दिक कृतज्ञता पनि ज्ञापन गर्न चाहन्छु ।

समय समयमा उपयुक्त निर्णय लिई समुन्नतिको बाटोमा अघि बढ्न कम्पनीलाई लक्ष्यमा पुग्न अभिप्रेरित गर्ने संस्थापक एवं संचालक मित्रहरू, कम्पनीको विस्तार र विकासमा सदैव चिन्तनशील रहने मित्रहरू तथा हर तरहले सहयोग गर्न सधैं नै तत्पर रहने शेयरधनी महानुभावहरू र कम्पनीको उद्येश्यलाई पुरा गर्न इमान्दारी पूर्वक कार्य गरी आउनु भएका सबै तहका कर्तव्यनिष्ठ कर्मचारीहरू प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा विशेषतः नेपालको भौतिक पूर्वाधार र संरचनाको निर्माण र नेपालकै विकासमा स्वदेशी कच्चा पदार्थमा आधारित गुणस्तरीय शिवम् सिमेन्ट उत्पादन गरी आयात प्रतिस्थापन गर्ने, रोजगारीको सिर्जना गर्ने र आन्तरिक राजस्वमा योगदान पुर्‍याई देशको सेवा गर्ने प्रमुख उद्देश्य लिएर स्थापना भई संचालन भैरहेको यस कम्पनीको प्रभावकारी संचालनमा सम्बन्धित सबैको सद्भावपूर्ण सहयोग पाइरहने पूर्ण आशा गरेको छु । साथै यस वार्षिक साधारण सभामा उपस्थित भई कार्यक्रमको गरिमा बढाइ दिनुभएकोमा यहाँहरू सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

मिति : २०७६ आश्विन १३ गते ।

सुरेन्द्र कुमार गोयल
कार्यकारी अध्यक्ष
संचालक समिति

अनुसूची १

क) सहायक कम्पनीहरूको विवरण:

(१) शिवम् होल्डिङग्स प्रा. लि.

शिवम् होल्डिङग्स प्रा.लि. सहायक कम्पनीको अधिकृत पूँजी रू. ४ अर्व तथा जारी पूँजी रू. ४ अर्व र चुक्ता पूँजी रू. ३,८२,४६,६२,६००।०० मध्येबाट रू. ३,८२,१९,९६,९००।०० होङशी शिवम् सिमेन्ट प्रा.लि.मा शेयर लगानी गरिएको छ ।

शिवम् होल्डिंग्स प्रा. लि.मा यस कम्पनीको ८८ प्रतिशत शेयर स्वामित्व रहेको छ । जस अनुसार कम्पनीले सहायक कम्पनी मार्फत रू.३,३६,५७,०३,०००।०० अक्षेरूपी तिन अर्व छत्तिस करोड सन्ताउन्न लाख तिन हजार रूपैयाँ मात्र नेपाल कै सबै भन्दा ठूलो उत्पादन क्षमता र अत्याधुनिक प्रविधि जडित, करिव १२ मेघावाट विद्युत शक्ति उत्पादन गरी आफै प्रयोग गर्ने सिमेन्ट उद्योग होङशी शिवम् सिमेन्ट प्रा.लि.मा लगानी गरि विदेशी लगानी भित्रयाउन समेत सफल भएका छौं ।

जसमा नेपालको ईतिहासमा उद्योग क्षेत्रमा हालसम्म कै धेरै विदेशी लगानी रहेको छ । यो उद्योग नवलपरासी जिल्लाको विनयी त्रिवेणी गाउपालिका, सर्दि भन्ने स्थानमा अवस्थित छ भने पाल्पा जिल्लाको ज्यामिरे स्थित भुटुके भन्ने स्थानमा करिव ५० बर्षलाई पुग्ने आफ्नै चुनढुंगा खानी संचालनमा रहेको छ । कम्पनीले लगानी गरेको उक्त उद्योगले आ. व. २०७५।०७६ मा उद्योग स्थापनाको काम सम्पन्न गरी पहिलो चरणमा दैनिक ६००० मे.टन. क्लिङकर तथा सिमेन्टको व्यवसायिक उत्पादन शुरू गरिसकेको छ । र दोस्रो चरणमा थप ६००० मे. टन. प्रतिदिन उत्पादन अभिबृद्धि गरी दैनिक १२००० मे. टन सिमेन्ट र क्लिङकर उत्पादन गर्ने अनुमति प्राप्त गरी लक्ष्य बमोजिमका काम शिघ्र प्रारम्भ गर्ने योजना राखेकोछ । उक्त उद्योगमा विदेशी लगानीकर्ता जनगणतन्त्र चीनको होङशी होल्डिङ ग्रुप अन्तरगतको हङकङ रेडलाईन सिमेन्ट नं. ३ मार्फत ७० प्रतिशत र शिवम् सिमेन्ट्स को सहायक कम्पनी शिवम् होल्डिङग्स प्रा. लि. मार्फत ३० प्रतिशत नेपाली लगानी रहेकोछ । जसमा शिवम् सिमेन्ट्स लि.को २६।४० प्रतिशत र बाँकी ३।६० प्रतिशत अन्य २ जना व्यक्तिहरूको व्यक्तिगत लगानी रहेको छ ।

२) एस.सि.एल.ईन्भेष्टमेण्ट प्रा.लि.:

शिवम् सिमेन्ट्स लिमिटेडको शत प्रतिशत शेयर लगानी रहने गरी यो सहायक कम्पनी संस्थापना गरिएको छ । यसको अधिृकत पूँजी रू. १ अर्व तथा जारी पूंजी रू. ८१ करोड मध्ये २०७६ भाद्रसम्ममा रू.२० करोड मात्र चुक्ता भुक्तानी गरेकोछ । यस कम्पनीले आफू संस्थापक रहि शिवम् रेडिमिक्स कंक्रिट नामक कम्पनी दर्ता गरि शिवम् सिमेन्टको थप ब्राण्डिङ र बजारीकरणमा सहयोग पुग्ने गरी कंक्रिटको रेडिमिक्स तयार गरी निर्माणस्थलमा पुर्याई ग्रहाकहरूलाई अन्य मेटेरियल्सहरूको बन्दोवस्त गर्नु पर्ने झन्झटबाट मुक्ति दिलाई मुनाफा आर्जन समेत गर्ने उद्येश्यका साथ यो कम्पनी संस्थापना गरिएको हो । यसको रेडिमिक्स प्लाण्ट जडानका लागि उपयुक्त स्थान र आवश्यक जग्गाको बन्दोबस्तका लागि कार्य प्रारम्भ गरिएकोछ । यस एस. सि. एल. इन्भेष्टमेण्ट अन्तरगत निम्न अनुसारका कम्पनीहरूमा शेयर लगानी गरिएको व्यहोरा समेत जानकारी गराँउदछौं ।

(क) शिवम् रेडिमिक्स कंक्रिट अधिकृत पूंजी रू. २१ करोड र जारी पूंजी रू ११ करोड रहेकोछ । यस कम्पनीको १०० प्रतिशत शेयर एस. सि. एल. इन्भेष्टमेण्टले धारण गरेको छ ।

(ख) अरूणभ्याली माइन्स एण्ड मिनरल्स प्रा. लि. अधिकृत पूंजी रू. १ करोड र जारी तथा चुक्तापूँजी रू. २५ लाख रहेकोछ । यस कम्पनीको १०० प्रतिशत शेयर एस. सि. एल. इन्भेष्टमेण्टले धारण गरेको छ । यस कम्पनीको नाममा धनकुटा जिल्लामा डोलोमाईट खानीको खोजतलास अनुमति पत्र रहेकोमा सो खोजतलास गर्दा चुनढुंगाको प्रयाप्त भण्डारण रहेको पाइएकोले सो अनुमति पत्र लाई चुनढुंगा अनुमति पत्रमा परिणत गरि पाउन खानी तथा भूगर्भ विभाग समक्ष निवेदन गरिएकोमा विभागमा निर्णयको प्रक्रियामा रहेको छ ।

(ग) दन्तकाली सिमेन्ट प्रा. लि., अधिकृत पूंजी रू. ५ करोड र जारी पूँजी रू. १ करोड मध्ये चुक्ता पूँजी रू. ३० लाख रहेकोछ । यस कम्पनीको १०० प्रतिशत शेयर एस. सि. एल. इन्भेष्टमेण्टले धारण गरेको छ । यस कम्पनीको नाममा धनकुटा जिल्लाको सान्ने गा. वि. स. मा चुनढुंगा खोजतलास अनुमति समेत रहेको छ ।

(घ) एस. एच. इन्भेष्टमेण्ट प्रा. लि. नामक नयाँ कम्पनी संस्थापना गरी सो कम्पनीको ८५ प्रतिशत शेयर स्वामित्व एस. सि. एल. इन्भेष्टमेण्ट को र बाँकी १५ प्रतिशत शेयर स्वामित्व सेभेन इन्भेष्टर्स प्रा. लि. नामक कम्पनीको रहने छ । अधिकृत पूँजी २१ करोड र हालसम्म चुक्ता पूँजी ११ करोड रहेको छ । यस कम्पनीको उद्येश्य समेत लगानी गर्ने तथा लगानी व्यवस्थापन गर्नुका साथै विदेशी व्यक्ति वा संस्थासंग समन्वय गरी विदेशी लगानी समेत नेपालमा ल्याई उत्पादनमुलक क्षेत्रका परियोजनामा Joint Venture प्रोजेक्टलाई आँउदा दिनहरूमा अध्ययन गरि अगाडी बढाउने योजना रहेको छ ।

शिवम् सिमेन्ट्स लिमिटेड

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को

उपनियम (२) सँग सम्बन्धित

वार्षिक प्रतिवेदन

१. संचालक समितिको प्रतिवेदन

यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

२. लेखापरीक्षकको प्रतिवेदन

यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

३. लेखापरीक्षण भएको वित्तीय विवरण

यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

४. कानूनी कारवाही सम्बन्धी विवरण

यस संस्थाले वा संस्थाको विरूद्ध मुद्दा दायर भएको विवरण यस प्रकार रहेका छन्:

(क) यस कम्पनीले आ. व. २०६७।०६८, २०६८।०६९, २०७०।०७१ र २०७१।०७२ को आय व्यय विवरण अनुसार श्री ठुलाकरदाता कार्यालय, पूल्चोक ललितपुरबाट ह्रासकट्टी लगायतका केहि खर्चहरूलाई अमान्य गरी संशोधित कर निर्धारण आदेश जारी गरेकोमा कम्पनीले उक्त निर्णय स्वीकार नगरेको हुंदा प्रशासकीय पूनवरावलोकनका लागि श्री आन्तरिक राजस्व विभागका महानिर्देशज्यू, समक्ष प्रशासकीय पूनरावलोकन गरी पाँउन निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कुनै निर्णय नभएकोले सोही व्यहोरा समेत उल्लेख गरी श्री राजस्व न्याधिकरण समक्ष पुनरावेदन दर्ता गरी विचाराधिन रहेको छ । कथमकदाचित कम्पनीले दायर गरेको पुनरावेदन सम्बन्धि मुद्यामा निर्णय हुंदा कम्पनीले लिएको दावी नपुग्ने गरी ठहर फैसला हुन गएमा थप कर वापतको रकम रू १,३५,३४,१४३।८७ अक्षेरूपी एक करोड पैंतिस लाख चौंतिस हजार एक सय त्रिचालिस र पैसा सतासी मात्र हुनेछ र पछिल्ला आ. व. हरूको आय विवरण पेश गर्दा ठूलाकरदाता कार्यालयबाट कायम गरेको ह्रास आधारलाई आधार मानी सोही अनुसार ह्रास कट्टी गरी कर रकम दाखिला गरीसकेको हुंदा कम्पनीलाई थप करको दायित्व हुने छैन ।

(ख) खानी तथा खनिज ऐन २०४२ र खानी तथा खनिज पदार्थ नियमावली २०५६ बमोजिम शिवम् सिमेन्ट्स लि. का नाममा जारी भएको मकवानपुर जिल्ला साविक बुढीचौर, ठिँगन गा. वि. स. अन्तरगतको चुनढुँगा उत्खनन् अनुमति पत्र नं. ७८।०६६।०६७ अन्तरगत अनुमति प्राप्त क्षेत्रमा कम्पनीका लागि चुनढुंगा उत्खनन् गरेको विषयमा जिल्ला वन कार्यालय मकवानपुरले केहि सानो एरियामा वन क्षेत्रको अतिक्रमण भएको भनि यस कम्पनीका संचालक श्री रघुनन्दन मारूलाई विपक्षी बनाई जिल्ला वन कार्यालय, मकवानपुरले श्री मकवानपुर जिल्ला अदालतमा मुद्धा दायर गरेकोमा हाल उक्त मुद्धा विचाराधिन रहेको छ । र जिल्ला वन कार्यालयले दायर गरेको उक्त मुद्यामा जिल्ला वन कार्यालयको दावी पुग्ने गरि ठहर फैसला भएको खण्डमा विगो रू. ३७,६०,७३७।३६ र विगो बमोजिम दोव्वर जरिवाना रू. ७५,२१,४७४।७२ थप दायित्व हुनेछ ।

(ग) यस कम्पनीले सुविधा नै उपभोग नगरेको अवस्थामा पनि डेडिकेटेड फिडर मार्फत सुविधाको बक्यौता रकम दाखिला गर्नु भनि नेपाल विद्युत प्राधिकरणले यस कम्पनीलाई मितिः २०७६।२।१२ गते पत्राचार गरेकोले

सोका विरूद्ध नियम विपरित नलिएको सुविधाको रकम समेत दाखिला गर्नु भन्ने पत्र प्राप्त भएपछि नेपाल विद्युत प्राधिकरणका विरूद्ध श्री पाटन उच्च अदालत समक्ष उत्प्रेषणयुक्त परमादेश समेत जारी गरि पाउन रीट निवेदनको मुद्दा दायर गरिएकोमा सम्मानित अदालतबाट मितिः २०७६।६।५ गते रीट खारेज गर्ने निर्णय गरेको तर फैसलाको पूर्ण पाठ आउन बाँकी रहेकोछ । पूर्ण पाठ आउनु अगाडी नै ने. वि. प्रा. हेटौंडाले पत्राचार गरी रकम माग गरिसकेको अवस्था छ भने उक्त मुद्दाको फैसलाको पूर्ण पाठ प्राप्त भएपछि थप उपयुक्त उपचारको प्रक्रिया वा पहल गरिने छ ।

घ) यस कम्पनीका वितरक श्री लक्की हार्डवेयर एण्ड सप्लायर्स काठमाडौंले उधारोमा सिमेन्ट खरिद गरेको रकम लामो समय देखि कारोवार पनि नगरेको रकम भुक्तानी समेत नगरेका कारण मितिः २०७६।६।२३ गते श्री काठमाडौं जिल्ला अदालत समक्ष भुक्तानी पाउन बाँकी रू. ५,५७०९५।८४ र सोको व्याज समेतको रकम दिलाई भराई पाउ भनि फिराद पत्र दायर गरिएकोमा मुद्दा विचाराधिन रहेकोछ ।

ङ) कम्पनीले धादिँग जिल्ला बेनिघाट रोराङ गा. पा. स्थित श्री अन्नपूर्ण क्वाईरिज प्रा. लि. को स्वीकृत खानी क्षेत्रबाट उच्च गुणस्तरको चुनढुंगा खरिद गरेकोमा बेनीघाट रोराँग गा. पा. ले प्रदेश नं. ३ को आर्थिक ऐन २०७५ विपरित प्रति टन रू. ६। का दरले विक्री शुल्क संकलन गरेको र पछि लोकेश कन्स्ट्रक्शनलाई ठेकेदार नियुक्ति गरी निज मार्फत संकलन गर्न जारी गरेको गैर कानूनी विजकको रकम माग गरेको ले लाग्नै नपर्ने रकमको विल जारी गरेकोले उक्त विजकहरू समेत रद्ध गरी भुक्तानी भईसकेको रकम समेत फिर्ता पाउनु पर्नेमा निवेदन गरी अनुरोध गर्दा अटेर गरी बसेकोले उक्त कार्य उत्प्रेषणयुक्त परमादेशको आदेशले बदर गरी रू. १०६,९८,६८०।८८ मु. अ. कर सहितको रकम भुक्तानी माग नगर्नु भनि आदेश जारी गरी पाउन यस कम्पनीले प्रदेश नं. ३ को आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौंडा, श्री बेनीघाट रोराँग गा. पा. धादिँग, र श्री लोकेश कन्स्ट्रक्शन, काठमाडौं समेतलाई विपक्षी बनाई श्री उच्च अदालत पाटनको हेटौंडा ईजलास समक्ष रीट निवेदन दायर गरेकोमा उक्त मुद्दा विचाराधिन रहेकोछ ।

(च) कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

५. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा

शेयर कारोबार धितोपत्र बोर्डको नीति नियम बाट निर्देशित भई खुला बजारले निर्धारण गर्ने गरेको हुँदा यस संस्थाको शेयर कारोबार संस्थाको व्यवसायिक अभिवृद्धिसँगै पूँजी बजारमा समारात्मक एवम् उत्साहजनक रूपमा कारोबार भईरहेको छ ।

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन ।

विवरण	चैत्र मसान्त	आषाढ मसान्त
अधिकतम मूल्य रू.	४६४	७१२
न्यूनतम मूल्य रू.	३०५	३००
अन्तिम मूल्य रू.	३०६	६०८

कूल कारोबार शेयर	५२१२५०	५५०९७०३
कूल कारोबार संख्या	४४७०	३१९६६
कूल कारोबार दिन	१५	६४

यस वर्षको चैत्र महिनामा मात्र शेयर सूचिकरण भई दोस्रो बजारमा कारोवार शुरू भएकोले पहिलो र दोस्रो त्रैमासिकको विवरण उल्लेख गरिएको छैन ।

६. समस्या तथा चुनौती

(क) नेपालमा स्वदेशी तथा विदेशी लगानीकर्ताको आकर्षण मध्येको एक सिमेन्ट उद्योग स्थापना हुने क्रम जारी रहेको हुँदा यी संस्थाहरूबीच उत्पन्न प्रतिस्पर्धा, बैंक वित्तीय संस्थाहरूले कर्जामा लिने ब्याजदरमा वृद्धि, तथा बेलाबेलामा भईरहने नीतिगत परिवर्तन समेतका कारणहरू बाट समस्या तथा चुनौतीहरू थपिन जाने सम्भावना देखिन्छन ।

(ख) रणनीति

वर्तमान अवस्थामा ब्याजदरमा हुने उताचढाव, प्रतिस्पर्धि उत्पादनको उपस्थितिले हुनसक्ने अस्वस्थ प्रतिस्पर्धा जस्ता कुराहरूले असर गर्न सक्ने भएतापनि हाल सम्म यस्ता घटनाबाट पर्नसक्ने असरबाट संस्था सचेत भई संस्थालाई प्रगति उन्मुख बनाउन विभिन्न रणनीतिहरू अवलम्बन गरिएको छ ।

७. संस्थागत सुशासन

संस्थागत सुशासनका लागि कम्पनी प्रतिवद्ध रहेको छ । संचालक समितिका काम कारवाहीहरू तथा संस्थाको अन्य सबै क्रियाकलापहरू परदर्शी रूपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनुभूति गराउन संस्था सदैव क्रियाशील छ ।

८. विवरणपत्रमा प्रक्षेपण गरिएका र लेखापरीक्षण भएको विवरणमा पर्न गएको फरक र त्यसको कारण:

शेयर निस्काशनको वखत प्रकाशित विवरण मत्रमा गरिएको प्रक्षेपणमा केही फरक पर्न गएको छ सो को विवरण निम्न अनुसार खुलाईएको छ ।

पूँजी तथा दायित्व	वास्तविक (रु.हजारमा) आ.ब.२०७५/७६	प्रक्षेपित (रु.हजारमा) आ.ब.२०७५/७६	फरक प्रतिशत	कैफियत
शेयर पूँजी				
शेयर पूँजी	४,४००,०००	४,४००,०००		
कलईन एडभान्स	-			
जगेडा कोष	३,२३४,०८२	३,१४०,८२०	३।०%	
प्रतिभूति प्रिमियम	९४०,२२२	९६८,०००	-२।९%	
जम्मा शेयर पूँजी	८,५७४,३०४	८,५०८,८२०	०।८%	
ऋण तथा सापटी				

क) दिर्घकालिन ऋण	१,२६६,७८८	१,६२२,६९४	-२१।९%	कर्जा रकम अग्रिम भुक्तानी
अल्पकालीन ऋण	५४८,०४५	८०८,९००	-३२।२%	कर्जा रकम भुक्तानी
बिविध साहु	१,३४९,१०४	८०४,३३१	६७।७%	प्रक्षेपण भन्दा तिर्न बाँकी रकम बढी भएको
अन्य चालु दायित्व	१,०३६,१८२	८३५,७९८	२४।०%	प्रक्षेपण भन्दा तिर्न बाँकी रकम बढी भएको
जम्मा चालु दायित्व	२,९३३,३३१	२,४४९,०२९	१९।८%	
कुल दायित्व	१२,७७४,४२३	१२,५८०,५४३	१।५%	

सम्पति	वास्तविक (रु. हजारमा) आ.ब. २०७५/७६	प्रक्षेपित (रु.हजारमा) आ.ब. २०७५/७६	फरक प्रतिशत	कैफियत
स्थीर सम्पत्ति	४,२५८,६०९	४,०३९,९९१	५।४%	
लगानी	३,४०५,७०३	३,३६५,७०३	१।२%	
स्थगन कर सम्पत्ति	२,८२६	१३,८३३	-७९।६%	अस्थाई फरक करको लेखाङकन
चालु सम्पत्ति				
नगद तथा बैंक मौज्दात	११२,३५३	१७४,४४७	-३५।६%	कर्जा रकम भुक्तानी
मौज्दात	२,३५६,४२०	२,३२३,७९५	१।४%	
विविध आसामी	१,९०३,५६४	१,६७१,१४०	१३।९%	
धरौटी तथा पेश्की	७३४,९४९	९९१,६३३	-२५।९%	कच्चा पदार्थलाई अग्रिम भुक्तानी
जम्मा चालु सम्पत्ति	५,१०७,२८५	५,१६१,०१६	-१।०%	
कुल सम्पत्ति	१२,७७४,४२३	१२,५८०,५४३	१।५%	

कम्पनी ऐन, २०६३ को दफा १०९(४) अनुसारको अतिरिक्त विवरण

आर्थिक वर्ष २०७५/०७६

(क) विगत वर्षको कारोबारको सिंहावलोकन :

- संचालक समितिको प्रतिवेदनमा विस्तृत रूपमा उल्लेख गरिएको ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :

- संचालक समितिको प्रतिवेदनमा विस्तृत रूपमा उल्लेख गरिएको ।

(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नपर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणा :

- संचालक समितिको प्रतिवेदनमा विस्तृत रूपमा उल्लेख गरिएको ।

(घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध:

- यस सम्बन्धमा संचालक समितिको प्रतिवेदनमा विस्तृत जानकारी उपलब्ध गराईएको ।

(ङ) संचालक समितिमा भएको हेरफेर र सोको कारण :

- संचालक समितिको प्रतिवेदनमा विवरण खुलाइएको ।

(च) संस्थाको कारोवारलाई असर पार्न सक्ने मुख्य समस्या तथा चुनौतिहरू :

- संचालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको ।

(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिकृया :

- आ.व. २०७५।०७६ को लेखापरीक्षण प्रतिवेदन NFRS Complied Financial Statement बनाउने प्रक्रियामा रहेको भन्ने बाहेक अन्य कुनै कैफियत नरहेको ।

(ज) लाभांश बाडफाड गर्न सिफारिस गरिएको रकम :

- आ.व. २०७५।०७६ मा कम्पनीका शेयरधनीहरूलाई लाभांश बाँडफाँडको लागि चुक्ता पूँजीको १५.७८९५ प्रतिशतका दरले हुने रकम रू. ६९,४७,३८,०००। सिफारिस सहित प्रस्ताव गरिएकोछ ।

(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या र शेयरको अंकीत मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत् बैाकले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी बैाकले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण : नभएको ।

(ञ) विगत आ.व. मा संस्था र संस्थाको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन :

- आ.व. २०७५।०७६ मा संस्थाको प्रगतिको सम्बन्धमा मूल प्रतिवेदनमा उल्लेख भैसकेको छ । संस्थाको सहायक कम्पनीहरूमा गरिएको लगानीको स्थितीको विषयमा मुल प्रतिवेदनको अनुसूची १ मा उल्लेख गरिएको छ ।

(ट) संस्थाको सहायक कम्पनीले आर्थिक वर्ष २०७५।०७६ मा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा संस्थाको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :

- संस्थाको र सहायक कम्पनीहरूको कारोवार विवरण मूल प्रतिवेदनको अनूसूची खण्डमा उल्लेख गरिएकोछ ।

(ठ) विगत आर्थिक वर्षमा संस्थाको आधारभूत शेयरधनीहरूले संस्थालाई उपलब्ध गराएको उपलब्ध जानकारी :

- आ.व. २०७५।०७६ मा संस्थाको आधारभूत शेयरधनीहरूले संस्थालाई कुनै व्यहोरा जानकारी नगराएको व्यहोरा अवगत गराउँदछौं ।

(ड) विगत आर्थिक वर्षमा संस्थाका संचालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्व विवरण र संस्थाको शेयर कारोवारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट संस्थाले प्राप्त गरेको जानकारी :

- नरहेको ।

(ढ) विगत आर्थिक वर्षमा संस्थासंग सम्बन्धित सम्झौताहरूमा कुनै संचालक तथा निजको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोरा :

- आ.व. २०७५।०७६ मा संस्थासँग सम्बन्धित सम्झौताहरूमा संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ नरहेको र हालसम्म संस्थामा त्यस्तो जानकारी उपलब्ध नभएको व्यहोरा जानकारी गराउँदछौं ।

(ण) संस्थाले आंनो शेयर आफैले खरिद गरेको भए त्यसरी आफै खरिद गर्नको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद बापत संस्थाले भुक्तानी गरेको रकम :

- हालसम्म संस्थाले आफ्नो शेयर आफै खरिद गरेको छैन ।

(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :

- संचालक समितिको प्रतिवेदनमा विस्तृत रूपमा उल्लेख गरिएको ।

(थ) विगत आर्थिक वर्षको कूल व्यवस्थापन खर्चको विवरण :

- आ. व. २०७५।०७६ मा कूल व्यवस्थापन खर्च जम्मा रू. १९,२१,८६,०८५।८१ रहेको छ ।

(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :

क) लेखापरीक्षण समितिका पादधिकारीहरूमा संचालक श्री अमित मोर संयोजक र सदस्यहरूमा संचालक श्री रोहित गुप्ता तथा श्री अलका गोयल र चार्टड एकाउण्टेण्ट श्री मुकेश वर्मा, काठमाडौं रहनु भएको छ । यसै आर्थिक वर्ष देखि लागु हुने गरी लेखापरीक्षण समितिका पदाधिकारी सदस्यहरूलाई प्रति बैठक प्रति व्यक्ति रू. ७,०००।०० सात हजारका दरले बैठक भत्ता उपलब्ध गराउने निर्णय संचालक समितिले गरेको छ । उक्त समितिले कम्पनी ऐन २०६३ ले तोके बमोजिमका काम कुराहरू हेरी सञ्चालक समिति समक्ष प्रतिवेदन दिन शुरू गरेको छ ।

